आज मिति २०७२ साल पौष २९ गते बुधबार बिहान ७:०० बजे, नेपाल सरकारबाट पत्यायोजित अधिकार बमोजिम यस कीर्तिपुर नगरपालिकाको आगामी आ.ब. ०७३/०७४ का लागि २२ औं नगरपरिषदको बैठक यस नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री उद्धव प्रसाद रिजालज्यूको अध्यक्षतामा कीर्तिपुर नगरपालिका वडा नं. २ देवढोका स्थित नगरपालिका कार्यालय भवनको सभाकक्षमा वसी देहाय बमोजिम उपस्थिती र निर्णय गरियो ।

**उपस्थिती :-**

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत | श्री उद्धव प्रसाद रिजाल | |
| २. | बरिष्ठ लेखा अधिकृत | श्री सानुबाबु परियार | |
| ३. | ईन्जिनियर | श्री बालकृष्ण महर्जन | |
| ४. | ईन्जिनियर | श्री कृष्णभोला महर्जन | |
| ५. | शाखा अधिकृत | श्री सुजिन्द्र महर्जन | |
| ६. | शाखा अधिकृत | श्री अनुज प्रधान | |
| ७. | शाखा अधिकृत | श्री जनक थापा | |
| ८. | लेखा अधिकृत | श्री नरेन्द्र महर्जन | |
| ९. | ईन्जिनियर | श्री सुरज ओझा | |
| १०. | कम्प्युटर अपरेटर | श्री चन्द्रमाया महर्जन | |
| ११. | जुनियर ईन्जिनियर | श्री रविन प्रसाद फैजु | |
| १२. | जुनियर ईन्जिनियर | श्री राजु महर्जन | |
| १३. | स्थानीय पंञ्जिकाधिकारी | श्री शारदा पोखरेल | |
| १४. | खरिदार | श्री काजीराम मालाकार | |
| १५. | खरिदार | श्री ज्ञानबज्र महर्जन | |
| १६. | खरिदार | श्री बालकृष्ण बास्कोटा | |
| १७. | खरिदार | श्री दिपक महर्जन | |
| १८. | खरिदार | श्री सृजना महर्जन | |
| १९. | खरिदार | श्री राजकपुर श्रेष्ठ | |
| २०. | खरिदार | श्री महेन्द्रकाजी शाक्य | |
| २१. | खरिदार | श्री बिष्णुहरी बस्नेत | |
| २२. | खरिदार | श्री राजेश महर्जन | |
| २३. | खरिदार | श्री बासुदेव श्रेष्ठ | |
| २४. | शहरी शासन बिज्ञ | श्री हेमराज शाही | |
| २५. | सूचना तथा संचार स्वयंसेवक | श्री बिज्ञान के.सि. | |

**निर्णय नं. १ :-**

यस कीर्तिपुर नगरपालिकाको आगामि आर्थिक वर्ष २०७३/०७४ को लागि प्रस्ताव गरिएको रु. १७,७१,८४,०००।०० ( अक्षरुपी :- रु सत्र करोड एकहत्तर लाख चौरासी हजार मात्र) को अनुमानित आय-व्यय (बजेट), वार्षिक योजना तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो । (यसको पूर्ण विवरण यसै पुस्तिकामा पछाडी टाँस गरिएको छ ।)

**निर्णय नं. २ :-**

यस कीर्तिपुर नगरपालिकाको गत आ.ब. ०७१/०७२ को यथार्थ आय-व्यय विवरण र चालु आ.ब. २०७२/०७३ को पहिलो पाँच महिना (२०७२ श्रावण - मंसिर मसान्त सम्म) को यथार्थ आय व्यय विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**

साविकको सेवाशुल्क, कर, दस्तुरलाई प्राकृतिक न्यायको सिद्धान्त अनुकुल हुने गरी बैज्ञानिक बनाउन विभिन्न पक्षहरुसँग छलफल, दररेटहरुको अध्ययन, बिश्लेषण र पुनरावलोकन गरी राजश्व संभाब्यता अध्ययन कार्यदलले सिफारिस गरेको सेवाशुल्क, कर, दस्तुरको दररेटमा आगामी आ.ब. ०७३/०७४ का लागि नगरस्तरीय राजश्व परामर्श समितिको सिफारीस समेतका आधारमा दररेट कायम गर्ने निर्णय गरियो । (यसको बिस्तृत विवरण पाना यसै पुस्तिकामा पछाडी टाँस गरिएको छ ।)साथै करिव १६ बर्ष अघिदेखि स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम घरको मूल्याङ्कन एवं मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि तोकेको यस नगरक्षेत्रको जग्गाको मूल्यको आधारमा जग्गाको मूल्याङ्कन गरी घर जग्गा कर निर्धारण र मालपोत कार्यालयले निर्धारण गरेको मूल्यकै आधारमा घरबाटो प्रमाणित एवं चारकिल्ला सिफारिस दस्तुर लिइदै आएकोमा मिति २०७१/९/२९ गते सम्पन्न यस नगरपालिकाको २० औं नगरपरिषद बैठकको निर्णयानुसार श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा माग पेश भएकोमा सो लाई समेत आंशिक रुपमा संबोधन भै नेपाल राजपत्र खण्ड ६५, मिति २०७२/७/९ र संख्या २४ मा प्रकाशित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना अनुसार नेपाल सरकारबाट साविक स्थानीय स्वायत्त शासन नियमावलीमा भएको सातौं संशोधन २०७२ अनुरुप नगर स्तरीय राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा उक्त नियमावलीको संशोधित अनुसूची ८ अनुसार घरजग्गा कर निर्धारणका लागि घरको मूल्याङ्कनतर्फ न्यूनतम दरमा मूल्याङ्कन गर्ने, जग्गाको मूल्याङ्कन मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरेको दरमा मूल्याङ्कन गर्ने र घरजग्गा करको दरको हकमा :

१. पहिलो ३० (तीस) लाख सम्म रु ५००।- वार्षिक एकमुष्ठ र त्यसपछिको थप रकममा उक्त नियमावलीमा तोकीएको न्युनतम दर कायम गर्ने ।

२) सिनेमा हलको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) लगायत मिल वा कारखानाको मूल मेसिन जडान भएको घर जग्गा, गोदाम, मिल वा कारखानाको कच्चा पदार्थ राखिने घर, मजदुर आवास र सेडहरु तथा होटलको ग्राहक बस्ने खाने घर जग्गा, सवारी साधन पार्किङ्ग स्थान र बगैंचाको मूल्याङ्कन गर्दा पचहत्तर प्रतिशत कर लिने ।

३) घर जग्गा कर लाग्ने क्षेत्रको जग्गाको मूल्याङ्कन गर्दा घर घडेरी बापत राख्न पाउने जग्गामध्ये संरचना निर्माणको नक्सापास गर्ने प्रयोजनका लागि नगरपालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम छुट्याउनु पर्ने जग्गाको क्षेत्रफल ( लेण्ड फ्लोर एरिया रेसियो) को दुई गुणा क्षेत्रफल कायम गरी मूल्याङ्कनमा समावेश गरिनेछ र सोभन्दा बढी जग्गा कृषि कार्यमा प्रयोग भएको वा होटेल, हाउजिङ्ग, अपार्टमेन्ट, वित्तीय, स्वास्थ र शिक्षण संस्था, औद्योगिक तथा व्यापारिक प्रतिष्ठान लगायतका निकायमा पार्किङ्ग, सेड, विश्रामस्थल, प्रतिक्षलय, बाटो, बगैंचा बनाएको वा खुल्ला रुपमा राखेकोमा त्यस्तो क्षेत्रले ओगटेको जग्गाको कर प्रयोजनका लागि तोकिएको मूल्याङ्कन गरेको आधारमा कृषि कार्यमा प्रयोग भएको जग्गामा पचास प्रतिशत र अन्य प्रयोजनको वा खुल्ला क्षेत्रको जग्गा भएमा पचहत्तर प्रतिशत घर जग्गा कर लगाउने ।

**निर्णय नं. ४ :-**

यस नगरक्षेत्रका उद्योग, ब्यबसाय, पसल आदि सम्पूर्णलाई करको दायरामा ल्याउनका लागि ब्यवसाय दर्ता तथा नविकरण कार्यको लागि घरदैलो अभियानलाई निरन्तरता दिने साथै नगरपालिकाको आदेश, निर्देशन नमान्ने, अटेर गर्नेलाई कालोसूचि सम्बन्धी निर्देशिका, २०६९ अनुसार कारवाही गर्ने निर्णय गरियो । (नागरिकता सिफारिस, विपद सम्वन्धी सिफारिस र नाता प्रमाणपत्र (मृत भैसकेको) बाहेक)

**निर्णय नं. ५ :-**

यस नगरपालिकाको आन्तरिक श्रोत तथा फिज नहुने कार्यक्रमबाट चालु आ.व. मा स्वीकृत भएका योजनाहरु कुनै कारणवस कार्यान्वयन हुन नसकेमा , ती योजनाहरुमा विनियोजन भएको कुल रकममा नबढ्ने गरी **अनुसूचि ३** मा उल्लेखित योजनाहरुलाई क्रमिक रुपमा प्राथमिकता दिदैं कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

यस नगरपालिकाको चालु आ.ब. २०७२/०७३ को संशोधित बार्षिक कार्य योजना तथा बार्षिक खरिद योजनाका साथै आगामी आ.ब. २०७३/०७४ को लागि तयार गरिएको बार्षिक कार्य योजना तथा बार्षिक खरिद योजना पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-**

यस कीर्तिपुर नगरपालिका क्षेत्र भित्रका **अनुसूचि ४** मा उल्लेखित योजनाहरु विशेष प्राथमिकता प्राप्त योजनाहरु भएको र ती योजनाहरु कार्यान्वयन गर्नका लागी नगरपालिकाको न्यून आन्तरिक साधन श्रोतबाट संभव नभएकोले यी योजनाहरुलाई नेपाल सरकारको केन्द्रीय स्तरका योजनाहरुमा समावेश गरी तद्नुसारको वजेट विनियोजन भै कार्यान्वयन गरिदिनका लागि नेपाल सरकारका सम्बन्धित केन्द्रिय निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-**

यस कीर्तिपुर नगरपालिका कार्यालयको गत आ.व.२०७१/०७२ को हिसाब किताब अन्तिम लेखापरीक्षण गर्न आह्वान गरिएको सूचना बमोजिम पेश नभै रद्द गर्दा समयाभावका कारण नगरपरिषद बैठकमा सो प्रतिवेदन पेश गर्न नसकेकोले अर्को प्रस्ताव आह्वान गरी उक्त आ.ब. को लेखापरीक्षण सम्पन्न गर्ने र चालु आ.ब. ०७२/०७३ को हिसाब किताब अन्तिम लेखा परीक्षण गर्नका लागी रजिष्टर्ड लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने सम्बन्धी अधिकार नगरपालिका वोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :-**

यस नगरपालिकाले परम्परागत नगदमा आधारित पद्धतीबाट लेखा प्रणाली व्यवस्थापन गर्दै आएकोमा बदलिंदो परिवेशमा समयानुकूल बनाउन प्रोदभावी लेखा प्रणाली अवलम्बन गर्न गत नगरपरीषद्बाट शुभारम्भ गरीएको कार्यको यस बर्ष सम्पन्न हुन बांकी रहेका कामहरु श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट तयार भएको तदसम्वनधी म्यानुअल एवं कम्प्युटर सफ्टवेयर समेत उपलब्ध गरी आगामी बर्षमा पनि निरन्तरता दिइ सम्पन्न गर्ने नीति लिइयो ।

**निर्णय नं. १० :-**

यस कीर्तिपुर नगरपालिकाको पदपूर्ति समितिका अध्यक्ष श्री कृष्ण प्रसाद नापितले पेश गर्नुभएको आ.ब. २०७१/०७२ मा पदपूर्ति समितिवाट भए गरेका कामहरुको प्रतिवेदन आजको वैठकमा पेश भै, छलफल गरी सो को अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :-**

नगरस्तरिय राजश्व परामर्श समितिको प्रतिवेदन वैठकमा प्रस्तुत भै सो उपर छलफल गरी अनुमोदन गरियो । साथै उक्त समितिकै सिफारीस अनुसार आगामी आ.ब. २०७३/०७४ का लागी आन्तरिक आय तर्फ रु. ४,७७,२६,०००.०० (अक्षेरुपि रु चार करोड सतहत्तर लाख छब्बिस हजार मात्र ) को आन्तरिक राजश्व प्रक्षेपण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-**

यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको आगामी आ.व.२०७३/०७४ को तलबी प्रतिवेदन पारित गर्दै साविकदेखि कर्मचारीहरुले पाउदै गरेको प्रोत्साहन सुबिधा तथा नेपाल सरकारले तोकेको महंगी भत्तालाई यथावतै कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :-**

यस कीर्तिपुर नगरपालिकाको गत आ.व. ०७१/०७२ र चालु आ.ब. ०७२/०७३ को हालसम्म भएको नगरपालिका बोर्ड बैठक तथा कार्यकारी अधिकृतबाट बोर्डको पदेन अधिकार बमोजिम भए गरेका निर्णयहरुको बिश्लेषण समिक्षा गरी सो को अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :-**

यस नगरपालिकाको गत आ.ब. ०७१/०७२ मा सम्पन्न भई बिभिन्न मितिमा बसेको नगरपालिका बोर्ड बैंठकको निर्णयहरुबाट फरफारक गरी अन्तिम भुक्तानी भएका विभिन्न योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :-**

नगरपालिकाको आफ्नै कार्यालय भवन निर्माण गर्नका लागि नेपाल सरकारले उपलब्ध गराएको यस नगरपालिकाको वडा नं. ३ स्थित कि.नं. २ र ३ क्षे.फ. ६४३.८० ब.मि. जग्गामा गत आ.ब. ०७१/०७२ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले उपलब्ध गराएको रु १,००,००,०००।०० र नगरपालिकाको आन्तरिक श्रोतबाट रु २,४९,४३,७११।६३ बाट जग तथा Basement को १ तल्ला ढलान सम्म सम्पन्न भै चालु आ.ब. ०७२/०७३ मा समेत उक्त मन्त्रालयबाटे रु १,००,००,०००।०० को बजेट अख्तियारी प्राप्त भैसकेकोले सो र नगरपालिकाको आन्तरिक श्रोतबाट ब्यहोर्ने गरी कूल रु २,००,००,०००।०० को बजेट स्वीकृती भै कार्यान्वयन तहमा रहेको तथा आगामी आ.ब. ०७३/०७४ मा स्थानीय विकास शुल्क जगेडा कोष योजना तर्फको कूल रु ३,००,००,०००।०० (रु तीन करोड मात्र) पुरै सो योजनामा विनियोजन गर्दा समेत कूल लागत रु १३ करोड ५३ लाख ९३ हजार ९७ रुपैंया रहेको यस योजनामा बजेट अभाव भएको कारण आगामी बर्षहरुमा क्रमश: निर्माण गर्दै जाने र आवश्यक बजेट ब्यवस्था गरिदिनका लागि नेपाल सरकारलाई बहुबर्षीय योजनामा समावेश गरी भवन निर्माण सम्पन्न गर्न सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ :-**

यस नगरपालिकाको देहायका कार्यक्रमहरुलाई सार्वजनिक - निजी - साझेदारी (Public – Private Partnership) को अवधारणा अनुसार संचालन गर्ने निर्णय गरियो ।

क) फोहोर मैला व्यवस्थापन

ख) पार्क निर्माण, व्यवस्थापन र संचालन

ग) सार्वजनिक शौचालय संचालन

**निर्णय नं १७ :-**

गत नगरपरिषद्ले निणर्य गरिसकेको नगरलाई क्रमश: खुल्ला दिशा मुक्त गर्दै जाने अभियान अनुसार यस नगरपालिकामा नगरस्तरीय खानेपानी, सरसफाई तथा स्वास्थ्य समन्वय समिति (MWASHCC) गठन भै प्रकृया अघि बढी सकेको सन्दर्भमा २०७२/१/१२ गते गएको विनाशकारी भूकम्पले बिद्ययमान अवस्थामा केही परिवर्तन भएको तथ्यलाई मध्यनजर गर्दै दातृ निकायहरुसंग सहयोग र समन्वय गरी आवश्यकतानुसार नगरपालिकाको श्रोत समेत परिचालन गरी पूनः तथ्याङ्क संकलन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको छ भने आगामी आ.व. २०७३/०७४ मा यस नगरलाई खुल्ला दिशामुक्त घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ :-**

काठमाडौं उपत्यका खानेपानी लिमिटेडको व्यवस्थापन बोर्डमा यस कीर्तिपुर नगरपालिकाको हिस्सेदारी कायम गर्नका लागि यस नगरपालिकाले खानेपानी व्यवस्थापनको क्षेत्रमा हालसम्म गरेको योगदानको आधारमा हिस्सेदारी सदस्य दाबी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :-**

यस कीर्तिपुर नगरपालिका क्षेत्रका सामाजिक सुरक्षा भत्ता पाउने लक्षित वर्गहरुलाई गत आ.ब. ०७१/०७२ को प्रथम चौमासिक देखि कृषि बिकास बैंक शाखा कार्यालय कीर्तिपुरद्वारा सम्वन्धित व्यक्तिहरुका नाममा खाता खोली वितरण गर्ने ब्यवस्था भैरहेकोले सो वितरण गरी बैंक मार्फत विवरण प्राप्त भएपछी सामाजिक सुरक्षा भत्ता बितरणको सार्वजनिकिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :-**

एकातिर कीर्तिपुर नगरपालिकाका विभिन्न ठाउँहरुमा अव्यवस्थित रुपमा जमिनको सतहमै प्रशस्त मात्रामा पानी खेर गईरहेको छ भने अर्कातिर कीर्तिपुरबासीहरुको सक्रिय सहभागीतामा पाचँ लाख लिटरसम्मका पानीका टयाङ्कीहरु बनाईएका भएपनि  पानीको संकलन गर्ने व्यवस्था नहुदाँ त्यसै खाली रहीरहेका छन् । यसलाई व्यवस्थितपूर्वक परिचालन गर्न सकेमात्र पनि कीर्तिपुरवासीलाई पिउने पानीको कुनै समस्या हुने थिएन । कीर्तिपुर नगरपालिकाको दक्षिण सिमानामा रहेका पानीका प्राकृतिक श्रोतहरु ( दुधपोखरी, सिम झ्वाहिटी , बुढाथोकी गाउँ र नौमूले) मुहानको संरक्षण गर्न, वन जंगल तथा सिमसार क्षेत्रको संरक्षण गरी पानीको रिचार्ज हुने अवस्था कायमै राख्ने समेत व्यवस्था मिलाई समग्र कीर्तिपुरबासीको पीउने पानीको आवश्यकता परिपूर्ति हुने खालको बृहत खानेपानी आयोजना सञ्चालन गर्नका लागि वडा नं ७ स्थित सिम झवाहिटी खानेपानी मुहान संरक्षण, संम्बर्धन र क्षमता अभिवृद्धि गर्न यस १० नं. निर्वाचन क्षेत्रवाट निर्वाचित संविधान सभाका मा. सदस्य, राजनैतिक दलहरु एवं नगरपालिकाको संयुक्त पहलमा कुल लागत रु १७ करोड ३० लाखको खानेपानी योजना संचालन गर्न नेपाल सरकार खानेपानी व्यवस्थापन वोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र यस नगर पालिका सहमत भै सो मध्ये जग्गा व्यवस्थापनका लागी नेपाल सरकार खानेपानी व्यवस्थापन वोर्ड ले रु ११ करोड २० लाख, काठमाडौं उपत्यका खानेपानी लिमिटेडले रु ४ करोड १० लाख र यस नगरपालिकाले रु २ करोड वेहोरी संयुक्त लगानी गर्ने निर्णय गत आ.ब.मा भैसकेकोले सो को कार्यान्वयन गर्न खानेपानी ब्यवस्थापन बोर्ड एवं काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई स्मरण गराउने साथै चालु आ व मै सुन्दरी घाटवाट खेर गैरहेको करिव १५ लाख लिटर खानेपानी मध्ये उक्त स्थानवाट लोकतान्त्रीक चोक सम्म खानेपानी व्यवस्थापन वोर्डवाट पाइप लाईन विच्छयाई टयङ्गला क्षेत्रमा खानेपानी वितरण शुरु भैइसकेको र सोही सुन्दरी घाटदेखी वडा न. १८ भाजंगल स्थित खानेपानी टयाङकी सम्म ६  इन्च डि. आई पाइप विच्छयाउने यस नगरपालिका स्था.वि.शुल्क जगेडा कोषको योजना सम्पन्न भै काठमाडौं उपत्यका खानेपानी लिमिटेड कीर्तिपुरबाट परीक्षणका रुपमा पठाइएको पानी पिउन योग्य नभएकोले तत्कालै सो रोक्का गरी प्रयोगशालामा प्रमाणित पिउन योग्य पानी सिघ्र सप्लाई गर्न सहमति भै कार्य अघि बढीरहेको र साविकका मुहानहरु संरक्षण, सम्वर्द्धन र उत्पादन बृद्धिमा जोड दिन काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई अनुरोध गर्ने र आगामी आ.व.मा समेत राजनैतिक दलहरु एवं नगरपालिका र काठमाडौं उपत्यका खानेपानी लिमिटेडको संयुक्त पहलमा खानेपानी आयोजनालाई उच्च प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. २१ :-**

धार्मिक, पुरातात्विक एवं प्राचिन कला र संस्कृतिको उत्कृष्ट नमुनाको रुपमा अध्यापी जीवन्त रहेको विश्वकै ऐतिहासिक बाघ भैरवको मन्दिर, उमामहेश्वर मन्दिर, चिलन्चो विहार, आदिनाथ मन्दिर, उपत्यकाकै ४ गणेश मध्येको १ जलविनायक मन्दिर, उपत्यकाकै एकमात्र प्राकृतिक तालका रुपमा रहेको टौदहको संरक्षण र संवर्धन विभिन्न क्षेत्र र निकायहरुबाट गर्दागदै पनि जीर्ण र मासिने अवस्थामा पुगेका छन् । यी हाम्रा ऐतिहासिक धरोहर र पर्यटन व्यवसायको लागि प्रमुख श्रोत पनि हुन । ती ऐतिहासिक धरोहर, कला र बास्तुका उत्कृष्ट नमूनाको  संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि यिनीहरुलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न जरुरी देखिएकाले यसका लागि आवश्यक व्यवस्था मिलाईदिन संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायत सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरिएको छ । साथै नेपालका प्रमुख पर्यटक स्थलहरुको सूचीमा कीर्तिपुरलाई पनि समाबेस गरी पर्यटकहरुको नेपालको प्याकेजमा कीर्तिपुरलाई पनि राष्ट्रिय रुपमै समावेश गर्ने व्यवस्थाका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय लगायत सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :-**

कीर्तिपुर नगरपालिका क्षेत्रभित्रका अधिकांश वडाहरुमा पून: नापी गर्ने कार्य गर्न अझै बाँकी रहेको र नापी भईरहेको वडाहरुमा पनि तिव्र गतिका साथ काम नभइरहेको र मिति २०७२/१/१२ गते गएको बिनाशकारी भूकम्पले पूर्ण क्षति भएका भवनहरुको पूनर्निर्माणमा नगरवासीहरुलाई कठिनाई उत्पन्न भएको हुँदा सो कार्यलाई प्राथमिकता दिदै पून: नापी गर्ने कार्य सम्पन्न गरि दिन नेपाल सरकार, भूमीसुधार तथा ब्यवस्था मन्त्रालय र नापी बिभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :-**

यस नगरपालिकाभित्र बस्ती विकाससँगसँगै वनजंगल तथा हरीयाली मासिदै जान थालेकाले यसवाट नगरको सौन्दर्य, वातावरण संरक्षण लगायतमा नकारात्मक असर परी भोलीका दिनमा पानीका मूलहरु सुकी पानीको कमी झन

बढ्ने, मानवमैत्री वातावरण समेत कायम हुन सक्ने अवस्था नदेखिएकाले यसलाई समयमै संरक्षण गर्न बाटाका दायाँ बायाँ र सार्वजनिक स्थलहरुमा वृक्षारोपण, बगैचा हरियाली पार्क निर्माण जस्ता नगरको सौन्दर्य वृद्धि र वातावरण मैत्री कार्यक्रमहरु यहाँका आमा समूह, महिला समूह, विभिन्न संघ संस्था तथा अन्य दातृ निकायहरुसंग समेत सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :-**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएको निर्देशिका अनुसार यस नगरपालिकामा नगरस्तरीय सामुदायिक विपद व्यवस्थापन समिति (LDMC) लगायत समुदायमा आधारित वडास्तरीय विपद ब्यवस्थापन समिति (CDMC) हरु समेत गठन भैसकेकोले नगर स्तरीय विपद व्यवस्थापन सम्बन्धी यस क्षेत्रमा कृयाशिल संघसंस्थाहरुसँग लागत सहभागितमा साझेदारीमा काम गर्न थालीसकेकोमा गत २०७२/१/१२ मा गएको विनाशकारी भूकम्पबाट पिडितहरुलाई खोज तथा उद्धार, राहत वितरण तथा अस्थायी वासस्थान ब्यवस्थापनमा सहजता भएको तथ्यलाई मध्यनजर गर्दै आगामी आ.ब.मा समेत सो कार्यलाई निरन्तरता दिदै पूनर्निर्माण र पूनर्स्थापना सम्बन्धी काम गर्ने साथै यस नगरपालिकाको नगरस्तरीय विपद/जोखिम न्यूनिकरण योजना/कार्यक्रम (LDRMP) पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :-**

यस नगरपालिकाभित्र प्राविधिक शिक्षालय नहुदाँ यहाँबाट प्रविधिक जनशक्ति उत्पादन गर्न सकिएको छैन । प्राविधिक शिक्षालय स्थापना भए त्यसबाट नगरबासीले प्राविधिक शिक्षा आर्जन गर्न पाउनुकासाथै यहाँ उत्पादित जनशक्तिबाट तुलनात्मक रुपमा कीर्तिपुरका जनताले बढी सेवा पाउन सक्ने अवस्थालाई मध्यनजर गरी शिक्षा मन्त्रालय लगायत सम्वद्ध निकायसंग एउटा सुविधासम्पन्न प्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक प्रक्रिया अघि बढाईदिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :-**

विगत आ.व. २०६९/०७० मा खरिद गरिएको बारुण यन्त्र, आवश्यक तालिम प्राप्त जनशक्ति एवं श्रोत, साधन समेतको कमीले गर्दा अद्यापी सञ्चालनमा ल्याउन सकिएको छैन् । अत्यन्त न्यून आयस्तर भएको, आज सम्म आफ्नो कार्यालय भवन पनि नभएको यस नगरपालिकाले आफै यो सेवा सञ्चालन गर्न सक्ने अवस्था नभएकाले सुरक्षा निकाय वा अन्य उपयुक्त ब्यवस्थापन प्रकृयाबाट सञ्चालन गर्ने व्यवस्था मिलाईदिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंग अनुरोध गर्ने निणर्य गरियो ।

**निर्णय नं. २७ :-**

यस नगरक्षेत्रका कतिपय व्यवसाय/सेवाबाट नगरपालिकाले प्राप्त गर्नुपर्ने सेवा शुल्क, कर, दस्तुर, राजश्व नपाइरहेको भन्ने विभिन्न अध्ययनले समेत देखाएकाले यसै आ.व. २०७२/०७३ को फागुन महिनादेखि कर संकलन गर्ने टोलीहरु खटाइ कर संकलन गर्ने कार्यलाई व्यापकता दिई करको दायरा फराकिलो पारी आन्तरिक आय वृद्धी गरी नगरपालिकालाई अत्मनिर्भर बनाउदै लैजाने नीति लिईएको छ । प्रोत्साहन स्वरुप कर संकलन गर्न खटिइने टोलीलाई उनीहरुले कर संकलन गरेको आधारमा संकलित रकमको ३ प्रतिशतका दरले थप सुविधा समेत दिई प्रोत्साहित गरी आन्तरिक आय वृद्धि गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २८ :-**

यस नगरपालिकाको दीर्घकालीन राजश्वको श्रोतको खोजी/अध्ययन गर्दा प्रभावकारी श्रोतको रुपमा पर्यटन व्यवसाय देखिएकाले चालु आ.ब. २०७२/०७३ को २०७३ बैशाख १ गते देखि पर्यटकीय क्षेत्रहरुमा सौचालय, खानेपानी, सरसफाई, पर्यटन सूचना केन्द्र, जानकारीमुलक पुस्तिका लगायत न्यूनतम पूर्वधारहरुको विकास गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको स्वीकृत लिई नगरपालिकाको प्रवेश विन्दुको उपयुक्त ठाउँमा सार्क मुलुकका पर्यटकका लागि प्रति पर्यटक प्रतिदिन रु १००।- र अन्य मुलुकका पर्यटकका लागि प्रति पर्यटक प्रतिदिन रु. ३००।- का दरले पर्यटक नगर प्रवेश शुल्क लगाई पर्यटन व्यवसायलाई समेत करको दायरामा ल्याई यसबाट पनि थप आय आर्जन गर्ने कार्यको थालनी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९ :-**

स्थानीय सरकारको अवधारणा अनुसार यहांको आवश्यकता परिपूर्ति गर्नका लागि सदैव अरुको मुख ताक्ने प्रवृत्तिले मात्र हामी आत्मनिर्भर हुन नसक्ने, संघीयताको अवधारणा हालै जारी भएको नेपालको संविधान - ०७२ मा उल्लेख भएको यस घडीमा थप राजश्वका श्रोतहरुको पहिचान गरी आत्मनिर्भर उन्मुख हुन नयां राजश्वका श्रोतहरुको खोजी गरी परिचालन गरीनु अत्यावश्यक भएकाले यसै आर्थिक बर्ष २०७२/०७३ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंग थप आन्तरिक श्रोतहरुको अध्ययन गर्ने व्यवस्था मिलाई दिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३० :-**

विकास निर्माण लगायत सम्पूर्ण काममा सबैको सक्रिय सहभागिता भए मात्र यसले गति लिन सक्छ । निरन्तर इमान्दार र लगनशील रुपमा काम गर्ने कर्मचारीलाई हौशला प्रदान गर्न सके यसबाट उनीहरुमा अझ जोश, जाँगरमा वृद्धि भई समग्र रुपमा नगरपालिकाकै काम कारवाहीमा सकारात्मक परिवर्तन आउने हुँदा यसै आर्थिक बर्षदेखि उत्कृष्ट काम गर्ने कर्मचारी एवं निर्माण व्यवसायी/उपभोक्ता समूह मध्येबाट पुरस्कार सिफारिस समितिको सिफारिस समेतका आधारमा कम्तिमा पनि एक एक जना व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने प्रथाको थालनी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१ :-**

विकासमा सञ्चारको महत्वपूर्ण भूमिका रहन्छ । हाम्रा हरेक गतिविधिको नगरवासीहरुमा निष्पक्ष सन्देस प्रवाह गरी निस्पक्षता, पारदर्शितां एवं गुणस्तरीयता कायम गर्न हाम्रा हरेक गतिविधिहरुमा निरन्तर सहयात्री हुन न्युनतम रुपमा भएपनि विकासमा सञ्चार नाममा बजेट विनियोजन गरी समयसापेक्ष नगरवासीहरुमा सुसूचित गराउने निर्णय गरियो ।

**निर्णय नं. ३२ :-**

देशकै सबैभन्दा जेठो र ठूलो त्रिभुवन विश्वविद्यालय यसै कीर्तिपुर नगरपालिकाभित्र रहेको छ । स्थानीय सरकारको अवधारणा अनुसार नगरका सबै निकायहरुमा नगरपालिकाको प्रतिनिधित्व रहने कानुनी व्यवस्था छ । यस नगरमा सञ्चालित सबै निकायहरुमा नगरपालिकाको प्रतिनिधित्व हुने व्यवस्था भएबाट ती निकायहरुले सञ्चालन गर्ने विभिन्न क्रियाकलापहरुका बारेमा नगरपालिकालाई जानकारी हुने, कतिपय विषयमा समन्वय/सहकार्य समेत हुने/गर्ने गरिएको छ । त्रिभुवन विश्वविद्यालय सभामा नगरपालिकाको प्रमुख पदेन सदस्य रहने व्यवस्था हुनु उल्लेखित दुवै निकायका लागि आवश्यक देखिएकाले सो सभामा यस कीर्तिपुर नगरपालिकाका प्रमुख, पदेन सदस्य हुने व्यवस्था मिलाइ नगरपालिकाको प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था मिलाउन त्रि.बि.बि. लाई पूनः अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३ :-**

परिवर्तित अवस्थामा साविकको कर्मचारी संगठन संरचना र सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिएकाले.संगठन विकास कार्यक्रमलाई समयसापेक्ष परीमार्जन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४ :-**

यस नगरको आवधिक योजना अध्यावधिक गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र शहरी विकास मन्त्रालयसंग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५ :-**

पर्यटन गुरु योजना तयारीका लागि नेपाल पर्यटन वोर्डसंग सम्झौता भै रु २,००,०००।०० पेश्की निकासा समेत भई सहकार्य भैरहेकोमा सीघ्र सो काम सम्पन्न गर्ने आवश्यक व्यवस्था मिलाईदिन उक्त वोर्डसंग पूनः अनुरोध गरी पर्यटन गुरुयोजना निमार्णको कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६ :-**

फोहरमैला संकलन एवं विसर्जन गर्ने कार्य परम्परागत रुपमा नगरपालिकाले नीजि क्षेत्रको सहकार्य/साझेदारीमा गर्दै आएको छ । यसबाट फोहरमैला संकलन एवं विसर्जन कार्य हुदै गरेपनि त्यो त्यति व्यवस्थित र भरपर्दो हुन सकिरहेको छैन् । यहां भएका केही नीजि संस्थाहरुको पनि क्षमता विकास र आर्थिक एवं प्राविधिक विकासका लागि नेपाल सरकारको निर्णयानुसार हाल कार्यरत संघसंस्थाहरुले पनि अन्तिम विसर्जन स्थल सिस्डोल, ओखरपौवा मै लैजानु पर्ने र दिर्घकालिन

समस्या समाधनार्थ फोहरमैला व्यवस्थापन क्षेत्रमा काम गर्नेहरुको आर्थिक तथा प्राविधिक प्रस्ताव आह्वान गर्दा तोकिएको अवधिमा कुनै प्रस्ताव पेश हुन नआएकोले पूनः सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताब आह्वान गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३७ :-**

विकेन्द्रीकरणको मर्मलाई यथार्थमै घरदैलोसम्म पुऱ्याउन सके साँचो अर्थमा जनतासंग नगरपालिकाले विकास निर्माणको कार्यमा हातेमालो गरेको हुने यथार्थ बोध गरी प्रत्यक्षरुपमै वडाबासीहरुबाटै छनौट भै आएका योजना तथा कार्यक्रमहरुलाई साधन, स्रोत, क्षमताले भ्याएसम्म र आर्थिक तथा प्राविधिक दृष्टीले उपयुक्त योजना तथा कार्यक्रमहरु स्वीकृती गर्ने परिपाटीलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३८ :-**

कीर्तिपुर नगरलाई "बालमैत्री नगर" को रुपमा विकसित गर्न बालमैत्री स्थानीय शासन (CFLG - Child Friendly Local Governance) को अवधारणा अनुसार नेपाल सरकार र सम्वन्धित दातृ निकायहरुको समेत सहयोग लिई तद्नुकूलको कार्यक्रम लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९ :-**

यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने घर तथा स्थायी भौतिक संरचना निमाण गर्ने एवं निर्माण सम्वन्धित अन्य कार्यका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ मा भएको व्यवस्था र २०७१ भाद्र १५ देखि राष्ट्रिय भवन संहिता समेत लागु गरिएको र यस नगरपालिकाको वाटो तथा सम्पदा सम्वन्धी मापदण्ड २०६४ मा नेपाल सरकारवाट २०७२ वैशाख १२ को भूकम्प पश्चात मिति २०७२।६।१३ मा स्विकृत बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ समेतका आधारमा कीर्तिपुर नगरपालिकाको वाटो तथा सम्पदा सम्वन्धी मापदण्ड २०७२ लाई स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४० :-**

कीर्तिपुर नगरपालिकाको विभिन्न देशका नगरपालिकाहरुसंग कला, संस्कृति र विकासात्मक गतिविधिहरको आदानप्रदान गरी नगरलाई अन्तराष्ट्रिय स्तरमा समेत परिचित गराउन भगिनी सम्बन्ध स्थापनाका लागी पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१ :-**

यस कीर्तिपुर नगरपालिका कार्यालयमा सहायक स्तर ,पाँचौ तह (प्राविधिक) लोडर अपरेटर पदमा स्थायी रुपमा कार्यरत श्री उद्धव भारतीलाई नगरपालिकाको फोहरमैला व्यवस्थापन जस्तो संवेदनशील एवं चुनौतीपूर्ण कार्यमा हरहमेशा परिचालन गर्नुपर्ने साथै कार्यकारी अधिकृतको सवारी चालकलाई पनि बिहान/बेलुका तथा विदाका दिनहरुमा समेत परिचालन गर्नुपर्ने भएकोले उल्लेखित दुबै जनालाई काम गरेको दिनको प्रति दिन रु. १०० (अक्षेरुपी एक सय मात्र) का दरले आ.ब. ०७३/०७४ समेत खाना खर्च उपलब्ध गराउने निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४२ :-**

यस २२ औं नगरपरिषदका निर्णय, आगामी आ.ब. २०७३/०७४ को आय व्यय (बजेट), बार्षिक योजना तथा कार्यक्रम र प्रमुख एवं कार्यकारी अधिकृतज्यूको नीतिगत वक्तब्य सहितको विवरण यही २०७२ साल पौष २९ गते बुधवार, माननीय भूमीसुधार तथा व्यवस्था राज्य मन्त्री श्री बिक्रम बहादुर थापाज्यूको प्रमुख आतिथ्यता र यस काठमाडौं निर्वाचन क्षेत्र नं. १० का निर्वाचित व्यवस्थापिका संसदका माननीय सांसद श्री राजेन्द्र कुमार के.सी.ज्यूको बिशिष्ट आतिथ्यता तथा यस क्षेत्रमा रहनु हुने अन्य माननीय संसदहरुको आतिथ्यता र राजनैतिक दलहरु, बिषयगत कार्यलय, संम्वन्धित सरोकारवाला संघसंस्थाहरु र नगरिक समाजका प्रतिनिधीहरुको उपस्थितीमा वडा नं. ३ स्थित कीर्तिपुर हिल साईड होटल एण्ड रिसोर्टमा एक औपचारीक समारोह आयोजना गरी सार्वजनिक गर्ने निर्णय गरियो ।